BUTWAL POWER COMPANY LIMITED

# प्रेस बिज्ञप्ती

## कावेली इनर्जी लिमिटेड र जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड वीच विश्व बैंकको अन्तर्राष्ट्रिय विकास संस्थावाट प्राप्त हुने ऋणको लागि सहायक ऋण सम्झौता सम्पन्न

यस कम्पनीको ५३.५% लगानी रहेको कावेली इनर्जी लिमिटडले निर्माण गर्न लागेको ३७.६ मेगावाटको कावेली जलविद्युत आयोजनामा ४ करोड अमेरीकी डलर ऋण लगानी गर्ने सम्वन्धमा नेपाल सरकार र विश्व बैंक बीच मिति २०७१/०८/०८ मा Financing Agreement भएको र सो अनुसारको ऋण रकम कावेली इनर्जी लिमिटेडले प्राप्त गर्ने सम्वन्धमा नेपाल सरकारको स्वामित्वमा रहेको जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड बीच मिति २०७२/१२/०४ मा KEL Subsidiary Agreement सम्पन्न भएको छ । उक्त आयोजनाको लागि अन्तर्राष्ट्रिय वित्त निगम (IFC) संग सम्पन्न भइसकेको ऋण सम्झौता अनुसार प्राप्त हुने ३ करोड ८६ लाख अमेरिकी डलर सहित विश्व बैंक समूहवाट उक्त आयोजनाको लागि प्राप्त हुने कुल ऋण लगानी ७ करोड ८६ लाख अमेरिकी डलर हुनेछ । यो सम्झौता सम्पन्न भएसंगै कावेली 'ए' जलविद्युत आयोजनाको वित्तीय व्यवस्थापनको कार्य सम्पन्न भएको छ र निर्माण कार्य अगाडि बढाउन बाटो खुलेको छ । यस आयोजनाको लागत ९ करोड ९५ लाख अमेरिकी डलर रहेको छ । जसमा ऋण तथा स्वपूँजीको अनुपात ७७.५%:२२.५% रहेको छ ।

आयोजनाको विद्युत खरिद विक्री सम्झौता मिति २०७२/६/७ मा नेपाल विद्युत प्राधिकरणसंग सम्पन्न भैसकेको छ । आयोजना निर्माणको लागि सिभिल तथा हाइड्रोमेकानिकल ठेकेदार नियुक्ति भइसकेको छ भने इलेक्ट्रोमेकानिकल ठेकेदार नियुक्तिको प्रकृया अघि बढिरहेको छ । हालसम्म यस आयोजनामा करिब रू ६४ करोड लगानी भइसकेको छ ।

कावेली 'ए' जलविद्युत आयोजना दैनिक उच्च माँग भएको समयमा चलाउन मिल्ने गरी खोलाको वहावमा आधारित आयोजना हो । यो आयोजना पूर्वी नेपालको ताप्लेजुङ्ग र पाँचथर जिल्लामा पर्दछ । जलाशयबाट पानीलाई ४ किलोमिटर लामो सुरूङ्गमार्ग मार्फत फर्काइ विद्युतगृहमा खसाली ३७.६ मेगावाटको विद्युत उत्पादन गरी पानीलाई पूनः तमोर नदीमा मिसाइने छ । उत्पादित विद्युतलाई विद्युतगृहको स्वीचयार्ड देखि करिब ८० किमि लामो १३२ केभी प्रसारण लाइनबाट दमक सवस्टेशनसम्म पुऱ्याइने छ । यसरी यो आयोजना राष्ट्रिय प्रशारण लाइनमा आवद्ध हुनेछ । यो आयोजना सन् २०१९ सम्ममा निर्माण सम्पन्न हुने र यसवाट देश विकासमा महत्वपूर्ण सहयोग पुग्ने र नेपाली जनतालाई चरम विद्युत अभाववाट मुक्त गर्न केहि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपाल सरकारले सन् २००९ मा बुटवल पावर कम्पनी लि. नेतृत्वको जेभीलाई कावेली 'ए' जलविद्युत आयोजना सार्वजनिक निजी साझेदारी ढाँचा अन्तर्गत निर्माण गर्नको लागि अन्तर्राष्ट्रिय प्रतिशप्रर्धाको माध्यमबाट जिम्मा दिएको थियो । सोही अनुसार सन् २०१० जनवरीमा ऊर्जा मन्त्रालय अन्तर्गतको विद्युत विकास विभागसँग आयोजना विकास सम्झौता सम्पन्न भएको थियो ।

निजी क्षेत्रबाट निर्माण हुने आयोजनामा विश्व बैक र अन्तर्राष्ट्रिय वित्त निगमले संगै लगानी गर्न लागिएको यो पहिलो जलविद्युत आयोजना हो ।

कावेली जलविद्युत आयोजनामा बुटवल पावर कम्पनी तथा InfraCo Asia Pte. Ltd. को संयुक्त लगानीमा स्थापित गुराँश इनर्जी लिमिटेडको ६९% लगानी रहेको छ । यस आयोजनामा गुराँश इनर्जी लिमिटेड मार्फत २७.५% र प्रत्यक्ष रूपमा २६% गरी कुल ५३.५% लगानी बुटवल पावर कम्पनीको हुनेछ ।

साथै, यस कम्पनीले अघि बढाएको अर्को सहायक कम्पनी न्यादी हाइड्रोपावर लिमिटेडले ३० मेगावाट क्षमताको न्यादी जलविद्युत आयोजना निर्माण गर्न विद्युत खरिद बिक्री सम्झौता र वित्तीय व्यवस्थापन सम्पन्न गरी सकेर ठेकेदार नियूक्तिको प्रकृया अगाडि बढाएको छ ।

यो ऋण सम्झौतामा कावेली इनर्जी लिमिटेडका तर्फबाट संचालक श्री विवेक गुप्ता र जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको तर्फबाट सो कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री दिपक रौनियारले हस्ताक्षर गर्नु भएको छ ।

२०७२।१२।५
काठमाण्डौ